# धुलिखेल नगरपालिका
(DHULIKHEL MUNICIPALITY OFFICE)
## नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक


संख्या :- ०७४/०७५
चलानी नम्बर :- ४०८

३ नं. प्रदेश, नेपाल

मिति:- ०७४/१०/०८

श्री सवै वडा कार्यालय
धुलिखेल नगरपालिका ।

**विषय:- निर्णय प्रतिलिपी पठाईएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा धुलिखेल नगरपालिका, नगर कार्यपालिका बैठक बसेको मिति ०७४/१०/०५ गतेको निर्णय प्रतिलिपी यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ :**
श्री नगर प्रमुखज्यू/उपप्रमुखज्यू
धुलिखेल नगरपालिका ।

..........................................
(महेश बराल)
कार्यकारी अधिकृत
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. :- ०११-४९०३२४, फ्याक्स नं. :- ०११-४९०३३० E-Mail :- info@dhulikhelmun.gov.np

"समृद्ध धुलिखेलका लागि पर्यटकीय विकास
शिक्षा,स्वास्थ्य, व्यापार र आवास "

# निर्णय प्रतिलिपि

आज मिति २०७४ साल माघ ०५ गते शुक्रबार दिउसो १२.३० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठको अध्यक्षतामा आठौं बैठक बस्यो । उपस्थिति निम्नानुसार छन् ।

उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ | उपस्थित |
| २. उप प्रमुख श्री विमला कुमारी चौलागाई शर्मा | उपस्थित |
| ३ वडा अध्यक्ष श्री रमेश प्रसाद घोरासाईने | उपस्थित |
| ४. का.वा. वडा अध्यक्ष श्री टिर्का बल्दव सापकोटा | उपस्थित |
| ५. वडा अध्यक्ष श्री विनोद पराजुली | उपस्थित |
| ६. का.वा.वडा अध्यक्ष श्री प्रेम बहादुर कार्की | उपस्थित |
| ७. वडा अध्यक्ष श्री गंगा सागर रजितकार | उपस्थित |
| ८. वडा अध्यक्ष श्री सञ्जय कोजु | उपस्थित |
| ९. वडा अध्यक्ष श्री मिरु कुमारी भण्डारी श्रेष्ठ | उपस्थित |
| १०. वडा अध्यक्ष श्री निराजन जंगम | उपस्थित |
| ११.वडा अध्यक्ष श्र बसन्त बहादरु रानाभाट | उपस्थित |
| १२. वडा अध्यक्ष श्री पृष्पराज राउत | उपस्थित |
| १३. वडा अध्यक्ष श्री विष्णु धिताल | उपस्थित |
| १४ वडा अध्यक्ष श्री हर्क बहादुर तामाङ | उपस्थित |
| १५. नगर कार्यपालिका सदस्यहरु श्री जमुना देवी लामा तामाङ | उपस्थित |
| १६. " " श्री रसिला तामाङ लामा | उपस्थित |
| १७. " " श्री रोजना श्रेष्ठ | उपस्थित |
| १८. " " श्री सन्जु तामाङ | उपस्थित |
| १९. " " श्री संगिता श्रेष्ठ | उपस्थित |
| २०. " " श्री अर्जुन बहादुर भुजेल | अनुपस्थित |
| २१. " " श्री कृष्ण बहादरु भुजेल | उपस्थित |
| २२. " " श्री सुमेश परीयार | उपस्थित |
| २३. कार्यकारी अधिकृत श्री महेश बराल | उपस्थित |

स्तु

सिक प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रथम ६ महिनाको आय व्यय विवरण सम्बन्धमा ।

) का.उ.ए.खा.आयोजनालाई रकम निकासा सम्बन्धमा ।

४) वडा नं. ९ स्वास्थ्य चौकी भवन निर्माणका लागि सार्वजनिक जग्गा सिफारीस गर्ने सम्बन्धमा ।

५) वडा नं. ७ भजन मण्डलीको भवन निर्माण सम्बन्धमा ।

६) नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ स्वीकृत गर्ने सम्बन्धमा ।

७) नगरपालिका स्थापना दिवसको तैयारीको लागि उपसमितिहरु गठन गर्ने सम्बन्धमा ।

८) दोश्रो नगर सभाको आवश्यक तैयारी गर्ने सम्बन्धमा ।

९) बस पार्किङ्ग शुल्क आय ठेक्का परीमार्जन गर्ने सम्बन्धमा ।

१०) DMI होस्टेल तर्फको सडकमा बचेको बजेट सोही सडक र सपिङ्ग कम्प्लेक्स निमाण कार्यमा बचेको रकम सोही भवनमा खर्च गर्ने सम्बन्धमा ।

११)साविक गा.वि.स. नगरपालिकामा गाभिएकोमा बचत भएको रकम सोही वडाहरुलाई निकासा दिने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

यस नगरपालिकाबाट कार्तिक, मंसिर र पौष मसान्त भित्र सम्पादन गरिएका कार्यक्रम उपर नगर प्रमुखबाट तैयार गरी पेश भएको प्रगति प्रतिवेदन प्रस्तुत भई जानकारी प्राप्त भयो ।

**निर्णय नं. २**

यस नगरपालिकाको आर्थिक ऐन, २०७४ र विनियोजन ऐन, २०७४ बमोजिम नगरपालिकाबाट सम्पादन गरिएका कार्यहरुको आय व्यय विवरण उपर छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. ३**

काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना, आयोजना कार्यान्वयन ईकाई, बनेपाको पत्र संख्या ०७४/०७५ चलानी नं. ८४ मिति २०७४/०८/०४ गतेको पत्र अनुसार पनौती १२ को रोशी बजारको भत्केको पुल देखि पाईपलाईन विछ्याउने र पनौती नगरपालिकाको पहलमा सडक बिस्तारको कार्य संसंगै अगाडी बढाउने । उक्त कार्यको लागि अनुमानित २१ लाखमा यस नगरपालिकाबाट ७ लाख श्री काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनालाई रकम निकासाका लागि अलग्गै बजेटको व्यवस्था नगरीएको र तत्कालै सो रकम व्यवस्थापन नगरीएमा पानीको Trasmission Pipe Line को काममा स्थानीय अवरोध कायमै रहने जोखिम रहेकोले हाललाई उक्त आयोजनाको लागि विनियोजित बजेटबाट धुलिखेल नगरपालिकाको तर्फबाट रु ७ लाख श्री काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनालाई रकम निकासा दिने । निकासाको प्रकृया आपसी सहमतिमा लेखा परिक्षण गर्न सहज हुने गरी प्रमुख प्रशासकीय अधिकृतले मिलाउने ।

**निर्णय नं. ४**

यस नगरपालिका वडा नं. ९ मा स्वास्थ्य चौकी र वडा नं. ७ स्थित भजन मण्डली पाटी निर्माणका लागि सार्वजनिक जग्गा वडा कार्यालयबाट माग भए बमोजिम उक्त वडाहरुमा भवन निर्माण कार्य गर्नका लागि बिज्ञहरु बोलाई भवन निर्माण मापदण्डको विषयमा छलफल गरी प्राप्त हुने निष्कर्ष बमोजिम थप आवश्यक कारवाही गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५**

नगरपालिका क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवं कृषि व्यवसायी बीच सम्बन्ध सुदृद गर्न तथा कृष करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्धारा व्यवसायीक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानुनी व्यवस्था गर्न श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट नमूना स्वरुप प्राप्त

...काको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ परीमार्जित गरी स्वीकृत गर्न आगामी नगर ...ा पेश गर्ने निर्णय गरियो ।

**...य नं. ६**

...०७४ साल फागुन ०५ गते आयोजना गरिने यस नगरपालिकाको स्थापना दिवस समारोहमा नगर क्षेत्र भित्रका विभिन्न पेशा, व्यवसाय तथा सामाजिक कार्यहरुमा उत्कृष्ट कार्य गर्नु हुने महानुभाव, संघ/संस्थाहरुलाई पुरस्कृत गर्नका लागि पुरस्कार वितरणका क्षेत्रहरु निर्धारण तथा सो अनुसारको मूल्याकंनका सूचकहरु तथा पुरस्कार के कस्तो वितरण गर्ने आदी समेत तय गर्ने कार्य निम्नानुसार गर्ने निर्णय गरियो ।

६.१ स्थापना दिवस तैयारी समितिले, नगर प्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृत समेतको उपस्थितिमा सम्मान गर्ने क्षेत्र र सूचक निर्धारण गर्ने र सम्मान गर्नेहरुको नामावलीलाई अन्तिम रुप दिने ।

६.२ पुरस्कृत व्यक्तिहरुलाई प्रदान गर्ने प्रशंसापत्र वा कुनै मेडल दिने भए त्यसको निर्णय आयोजक समितिले टुङ्गाउने ।

६.३ पुरस्कृत हुने व्यक्ति छनौट गर्दा विषयगत समितिका संयोजकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**निर्णय नं. ७**

यस नगरपालिकाको दोश्रो नगर सभा बैठक आगामी फागुण २७ गते बस्ने गरी बैठक आह्वान गर्ने निर्णय गरियो । यस दोश्रो नगर सभालाई विधेयक सभाको रुपमा अगाडी बदाउने, हाल सम्म प्राप्त नमूना कानूनहरु बिद्यायन समिति र सम्बन्धित विषयगत समितिले छलफल गरी संशोधनको खाका सहित सभामा लैजाने प्रस्तावको तैयारी गर्ने, योजना अनुगमन तथा तथ्यांक शाखा र आर्थिक प्रशासन उप शाखाले चालु आ.व.को बजेट तथा कार्यक्रमको समिक्षा गर्दै आय व्यय अनुमान तथा कार्यक्रम संशोधन तथा आवश्यकता अनुसार रकमान्तर एवं श्रोतान्तरको गृहकार्य गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नगरपालिकाको आर्थिक ऐन २०७४ को अनुसुची १० अनुसार बस, ट्रक, लहरीको दैनिक पटके सवारी कर रु.१००/ तोकीएकोमा काभ्रे बस व्यवसायी संघको व्यापक गुनासो तथा बिरोध आई पार्किङ्ग शुल्क उठाउने कार्यमा अवरोध आएकोमा पटक पटक छलफल बाट पार्किङ्ग शुल्क ६०/ कायम भएकोले पार्किङ्ग शुल्क दैनिक प्रति सवारी साधन, १००/ लिने भनी श्री धुलिखेल टुरिष्ट ईम्फमेशन सर्भिस सेन्टर संग सहमति भएकोमा उक्त सवारी साधनबाट पार्किङ्ग शुल्क दैनिक ६०/ मात्र लिने सहमति भएकोले उक्त संस्थाले बार्षिक रुपमा कबोल गरेको रकम रु १६ लाख ४० हजार कबोल गरेकोमा ४० प्रतिशतले उठाउने कार्य रकममा कम भएकोले सोही अनुपातमा रकम घटाई श्री धुलिखेल टुरिष्ट ईम्फमेशन सर्भिस सेन्टर लाई रु ६ लाख ५६ हजार घटाई मिति २०७४/०९/१० गते देखि लागु हुने गरी १ वर्षको लागि मिति २०७४/०९/०९ सम्म कबोल रकम रु ९ लाख ८४ हजार कायम गरी सम्झौता परिमार्जन गर्ने निर्णय रियो ।

**निर्णय नं. ९**

आ.व. ०७४/०७५ मा बोलपत्र गरि डि.एम.आई होस्टेल देखि गान्धिव चोक जाने सडक र पसल घर निर्माण (सपिङ्ग कम्प्लेक्स) निर्माणको लागि बचेको बजेट सोही योजनाको बांकी निर्माण कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिका र धुलिखेल टुरिष्ट ईम्फमेशन सर्भिस सेन्टरको बीचमा नगरको फोहरमैला व्यवस्थापनका लागि मिति २०७३/५/३१ गते सम्पन्न सम्झौतामा मिति ०७४/०७/०१ परीमार्जित सम्झौता भएको छ । मिति २०७३/५/३१ देखि सम्झौता परीमार्जिनको मिति ०७४/०७/०१ सम्ममा उक्त संस्थाले नगरपालिकामा बुझाउने भनी कबोल गरेको रकम मिति २०७३/११/२६

१२,७१,१११/०७ र सो मिति पश्चात ०७४ आषाढ मसान्त सम्म ६,३२,८००/९३ चालु ०७४ आश्विन मसान्त सम्म ४,५९,२९१/ गरी जम्मा रु २३,६३,२०३ / तेईसलाख त्रिसट्ठी र दुईसय तीन देखिन आउदछ । सो रकम गत आ.व.को हकमा मिति २०७४/०३/१५ मा नै ल सम्म उठाउन नसकेकोले मिनाहा गरी दिन भनी सम्बन्धीत संस्थाले माग गरेको र चालु आ.व.को हकमा भनि सम्झौता पुनरावलोकन गरीएको मिति सम्म उठाउन नसकेको र नगरपालिकाले उठाउने वातावरण नवनाएको भनी मिनाहाको लागि निवेदनहरु परेका छन् ।

यस विषयमा संस्थाले घरसारबाट के कति रकम सेवा शुल्क उठाएकोछ भनी कार्यालयबाट आन्तरिक छानबीव गर्दा जम्मा रु १३,०००/उठाएको देखियो भने नगरपालिकाले सेवा शुल्क उठाउने माहौल निर्माण पनि गर्न सकेको थिएन । यसै क्रममा सम्झौता पुनरावलोकनको क्रममा घरसारबाट उठाउने शुल्कको दरमा भारी कटौती गरिएको छ र साविकको सरसफाई शुल्क बक्यौता परीमार्जित दरमा नगरपालिकाले नै उठाउने निर्णय गरी सम्बन्धित शाखालाई निर्देशन पनि गरी सकिएकोछ । दरमा गरेको परीवर्तनले स्वाभाविक रुपमा मिनाहा गर्ने परीणाम भन्दा कम रकम संकलन हुने वास्तविकतालाई जानकारीमा लिदै तथा यसको लागि नगरपालिका नै जिम्मेवार रहेको तथ्यलाई आत्मसात गरी धुलिखेल टुरिष्ट ईम्फमेशन सर्भिस सेन्टरले मिति २०७३/०५/३१ गतेको सम्झौता बमोजिम ( मिति ०७३/११/२६ मा गरीएको परीमार्जन समेत बमोजिम ) आन्तरिक छानबिन गर्दा संस्थाबाट उठाएको सरसफाई सेवा शुल्क रु १३,०००/ (तेह्र हजार) कटाई यस नगरपालिकालाई तिर्नु पर्ने देखिएको रु २३,५०,२०३ / (तेईस लाख पचास हजार दुईसय तीन) भुक्तानी दायित्वबाट उक्त संस्थालाई मुक्त गर्ने । मिनाहा गर्ने निर्णय गरियो । साथै लामो प्रयास पछि नगरपालिका र समुदायको सहमतिमा सम्झौता परीमार्जन गरीएकोले आफुले कबोल गरेको सरसफाईको जिम्मेवारी प्रभावकारी तथा गुनासो रहीत रुपमा सम्पादन गर्न श्री धुलिखेल टुरिष्ट ईम्फमेशन सर्भिस सेन्टरलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ११**

स्थानीय तह पुर्नसरचना भई साविकका गा.वि.स.को रुपमा रहेका हालका वडाहरु १,२,१०,११ र १२ मिति २०७३ फागुण २७ गते यस नगरपालिकामा समाहित भएकोमा सो मितिमा साविक गा.वि.सको खातामा आ.व.(को मसान्त सम्ममा बचत रहेको रकम सम्बन्धित वडाले स्वीकृत गरेका कार्यक्रममा खर्च गर्ने गरी निकासा दिने । त्यस्तो रकम वडा बाडिंदा बनेपा वा पनौती तर्फ परेका क्षेत्रमा परीचालन गर्नु पर्ने रकम हो भने सम्बन्धित वडाको सिफारीसमा बनेपा तथा पनौती नगरपालिकालाई निकासा पठाई सम्बन्धित समुदायमा रकम पठाउने व्यवस्था मिलाउने। यस्तो बचत रकम कुनै योजना वा कार्यक्रमको भुक्तानी बांकी वा धरौटी आदी केही भए नभएको सम्बन्धित वडाले नै एकीन गरी निकासा माग्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री राजन कोईरालाज्यूको आसामयीक निधन भै वडा अध्यक्षको पद रीक्त हुन गएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०७ बमोजिम यथा समयमा उपनिर्वाचन सम्पन्न गर्न जिल्ला निर्वाचन कार्यालय , काभ्रे मार्फत निर्वाचन आयोग, नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।